## मिति २०७८/०३/०१ गतेको ११० औं कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय न १.** यस अघिका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे बैठकलाई जानकारी गरियो । कार्यान्वय हुन बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने ।

**निर्णय न २.** वीरेन्द्रनगर नगरपालिकाको आर्थिक विधेयक २०७८ मस्यौदा माथि आजको बैठकमा दफावार छलफल गरियो । बैठकमा प्राप्त राय सुझावहरुलाई समावेश गरी संशोधन सहित स्वीकृतिका लागि नवौं नगर सभाको बैठकमा पेश गर्ने ।

**निर्णय न ३.** नगरपालिकाको स्रोत अनुमान समिति र राजश्व परामर्श समिति बाट पेश भएको आर्थिक वर्ष २०७८।७९ को आय विवरण माथि आजको बैठकमा दफावार छलफल गरियो । बैठकमा प्राप्त देहायको राय सुझावहरुलाई समावेश गरी संशोधन सहित रु. १,५०,५१,७३,६३५।-कूल आय रकम स्वीकृतिका लागि नवौं नगर सभाको बैठकमा पेश गर्ने ।

**देहाय**

| बजेट सि न | शीर्षक | पेश भएको | संशोधित | कै |
|---|---|---|---|---|
| ११३२१ | बहाल कर | ४ करोड | ३ करोड | अनुमानित रकम उठ्न नसक्ने । |
| १४१७७ | घर जग्गा रजिष्ट्रेसन | ३ करोड | ८ करोड | वास्तविक आय चालु आर्थिक वर्षमा थप । |
| | पर्यटन प्रवेश शुल्क | ५ लाख | १ करोड | सबै पर्यटकिय स्थललाई टेण्डरबाट व्यवस्थापन गर्ने । |
| १४२४३ | सिफारिस शुल्क | १ करोड ६० लाख | २ करोड | खरिद बिक्रि सिफारिस दस्तुर वृद्धि । |

**निर्णय न ४.** कार्यालयबाट पेश भएको वीरेन्द्रनगर नगरपालिकाको स्थानिय सेवा ऐन २०७७ को प्रथम संशोधन प्रस्ताव माथि बैठकमा छलफल गरियो ।

ऐनको दफा ३१ मा देहाय बमोजिम संशोधन गर्ने गरि स्वीकृतिका लागि नवौं नगर सभाको बैठकमा पेश गर्ने ।

**देहाय**

१. दफा ३१ (१) लाई खारेज गरि देहायको प्रावधान समावेश गर्ने ।

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत स्थायी नियुक्ति भई समायोजन भएका वा समायोजन भई एक पटक पनि स्तर वृद्धि नपाएका स्थायी कर्मचारीको हकमा देहाय अनुसार स्थायी सेवा अवधि र शैक्षिक योग्यता पूरा गरेका कर्मचारीहरुलाई एक पटकको लागि मात्र सूचना प्रकाशन गरि देहाय बमोजिम स्तर वृद्धि गरिनेछ ।

| क्र स | हालको तह | स्तर वृद्धि हुने तह | न्युनतम शैक्षिक योग्यता | न्युनतम सेवा अवधि | कै |
|---|---|---|---|---|---|
| श्रेणिविहिनको हक | | | | | |
| १ | सहायक स्तर पहिलो | सहायक स्तर दोस्रो | | ५ देखी १० वर्ष | |
| २ | सहायक स्तर दोस्रो | सहायक स्तर तेस्रो | | १० देखी १५ वर्ष | |
| ३ | सहायक स्तर तेस्रो | सहायक स्तर चौथो | | १५ देखी २० वर्ष | |
| ४ | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ | | २० वर्ष भन्दा बढि | |
| सहायक स्तरको हकमा | | | | | |
| १ | सहायक स्तर तेस्रो | सहायक स्तर चौथो | एस एल सी वा सो सरह | ५ वर्ष | |
| २ | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ | एस एल सी वा सो सरह | ५ वर्ष | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सहायक स्तर पाँचौ | अधिकृत स्तर छैठौं | प्रविणता प्रमाणपत्र वा सो सरह | ५ वर्ष | |
| | | | अधिकृत स्तरको हकमा | | |
| १ | अधिकृत स्तर छैठौं | अधिकृत स्तर सातौ | स्नातक वा सो सरह | ५ वर्ष | |
| २ | अधिकृत स्तर सातौ | अधिकृत स्तर आठौं | स्नातक वा सो सरह | ५ वर्ष | |
| ३ | अधिकृत स्तर आठौं | अधिकृत स्तर नवौं | स्नातक वा सो सरह | ५ वर्ष | |

२.दफा ३१ को उपदफा ४ मा ३५ दिनको सट्टा १५ दिन कायम गर्ने ।

३.देहायको उपदफा थप गर्ने ।

(क) दफा ३१ बमोजिमको कार्य स्तर वृद्धि मात्र हो । बढुवा होईन । भविष्यमा प्रदेश लोक सेवा आयोग द्धारा हुने बढुवा प्रयोजनका लागि यस प्रावधानले कुनै बाधा गर्ने छैन ।

(ख) यस ऐन बमोजिम स्तर वृद्धिका लागि एक पटक मात्र सूचना आह्वान गरिनेछ ।

(ग) दफा ३१ अनुसार स्तर वृद्धि हुने कर्मचारीहरुको सेवा सुविधा साविकमा खाईपाई आएको भन्दा कम हुने छैन ।

(घ) दफा ३१ अनुसार स्तर वृद्धि हुने कर्मचारीहरु मध्ये सबै सेवा समूह तर्फ न्युनतम शैक्षिक योग्यता नभएका तर नगरपालिकाको सेवामा अविछिन्न रुपमा एउटै तह र पदमा न्युनतम दश वर्ष सेवा अवधि पूरा भएका कर्मचारीहरु समेत स्तर वृद्धिका लागि सम्भाव्य उम्मेदवार हुनेछन ।

**निर्णय न ५.** (क) यस नगरपालिकामा गत विगत देखी नै विभिन्न कार्यक्रमहरु मार्फत आन्तरिकिकरण गरिएका तथा नगरपालिकाले नै निश्चित कानूनी प्रावधान अनुसार करार गरिएका कर्मचारीहरु मध्ये २०७८ आषाढ मसान्तमा म्याद समाप्त हुने करार गरिएका कर्मचारीको म्याद थप सम्बन्धमा सम्बन्धित शाखाबाट पेश भएको टिप्पणी माथी नगरपालिकाका शाखा प्रमुख, खरिद ईकाई, नगरपालिकाका सक्रिय ट्रेड युनियनका पदाधिकारी र फिल्ड ईन्चार्ज सहितको बैठकबाट प्राप्त राय सुझाव र कार्यालयबाट पेश भएको प्रस्ताव माथि बैठकमा विस्तृत छलफल गरियो ।

(ख) यस सम्बन्धमा आगामी दिनमा हुने नगरपालिकाको संगठन व्यवस्थापन सर्भेक्षणमा Non core अन्तर्गत दरबन्दी कायम हुने गरि हाललाई देहाय बमोजिम गर्ने ।

**देहाय**

१ प्रचलित तलब स्केल खाईपाई आएका सबै सेवा समूह तर्फका कर्मचारीहरुको मासिक तलबमा रु दुई हजार वृद्धि गर्ने ।

२ नगर प्रमुख र उपप्रमुख ज्यु का लागि दुई जना स्वकिय सचिवका लागि मासिक सहायक स्तर पाँचौ र नगरपालिका र न्यायिक समितिमा कामकाज गर्नका लागि दुई जना कानुनी सल्लाहकारका लागि मासिक अधिकृत स्तर छैंठौको प्रचलित स्केल बमोजिमको तलब सुविधा कायम गर्ने ।

३ प्रचलित तलब स्केल भन्दा न्युन तलबमान भएका स्वास्थ्य सेवा तर्फका अहेव र अनमी, प्रशासन सहायक, कम्प्युटर सहायक र सामाजिक परिचालक लगायतको मासिक तलब रु बाईस हजार कायम गर्ने ।

४ नगरपालिकामा तत्कालिन समयमा स्वास्थ्य तर्फका विभिन्न म्यादी कार्यक्रमहरु मार्फत कम्प्युटर सहायक तथा कार्यालय सहयोगीहरु पदहरुमा करार गरिएका कर्मचारीहरु शान्ति वि सि,सुशिला अर्याल र कृष्णा कुमारी अधिकारीलाई हाल सम्म पनि कामकाजमा खटाईएको सन्दर्भमा तत् तत् कर्मचारीहरुलाई नगरपालिका अन्तर्गतका सामाजिक परिचालक सरह नै पद नाम र मासिक पारिश्रमिक भुक्तानी हुने गरि कामकाजमा लगाउने ।

५ प्रकरण (३) बमोजिमका प्रशासन सहायक, कम्प्युटर सहायक र सामाजिक परिचालक तथा प्रकरण (४) बमोजिमका कर्मचारीहरुको पद नाम सामाजिक परिचालक (प्रशासन सहायक) कायम गर्ने ।

६ प्रचलित तलब स्केल भन्दा न्युन तलबमान भएका प्रशासन र स्वास्थ्य सेवा तर्फका कार्यालय सहयोगीहरुलाई नेपाल सरकारको न्युनतम ज्याला पारिश्रमिक उपलब्ध (मासिक तलब रु पन्ध्र हजार) कायम गर्ने ।

Scanned with CamScanner

(ग) करार कर्मचारीको म्याद थप सम्बन्धमा कर्मचारीको साविकको नियुक्ति पद, तलब भत्ता, कार्यरत शाखा, कार्यालय र अब कायम गर्नुपर्ने पद नाम, सेवा सुविधा सहित नाम नामेसि विवरण प्रस्ताव गरि आगामी बैठकमा पेश गर्नका लागि सार्वजनिक क्षमता विकास तथा सुशासन समिति लाई जिम्मेवारी प्रदान गर्ने ।

**निर्णय न ६.** यस नगरपालिकामा विभिन्न सेवा प्रदायक संस्थाहरुसँग विभिन्न प्रकारको सेवा खरिद गरिएको सन्दर्भमा सार्वजनिक खरिद ऐन २०६३ बमोजिम तत् तत् पदहरु र नगरपालिका र वडा कार्यालयको प्रचलित सेवा प्रवाह कार्यचापको कारण देहाय अनुसारका पद थप गरि बोलपत्र आह्वान गरि २०७८ श्रावण देखी लागु हुने २ वर्षका लागि टेण्डर आह्वान गर्ने । यसमा कम्प्युटर सहायकको मासिक २० हजार र अन्य सबै पदहरुको मासिक १५ हजार पारिश्रमिक सम्बन्धित कर्मचारीले प्राप्त गर्ने गरि २ वर्षका लागि टेण्डर आह्वान गर्ने । साथै सबै कर्मचारीलाई पोशाक वापत्त वार्षिक प्रति कर्मचारी ७५००। र चाडपर्व खर्च वापत एक महिनाको खाईपाई आएको तलब उपलब्ध गराउने । **देहाय**

| क्र स | सेवाको प्रकृती | आवश्यक स्थान | संख्या |
|---|---|---|---|
| साविकमा सेवा प्रदायक मार्फत सेवा लिदै आएको सेवाको प्रकृति | | | |
| १ | कम्प्युटर सहायक | लेखा शाखा | १ |
| २ | | ५ न वडा कार्यालय | १ |
| ३ | वन हेरालु | शहिद पार्क ४ न वडा | १ |
| ४ | कार्यालय सहयोगी | शहरी स्वास्थ्य केन्द्र वडा न २ दौलतपुर | १ |
| ५ | | स्वास्थ्य चौकी कटकुवा वडा न ७ | १ |
| ६ | | स्वास्थ्य चौकी लादिकोईली वडा न ९ | १ |
| ७ | | स्वास्थ्य चौकी उत्तरगंगा वडा न २ | १ |
| ८ | | स्वास्थ्य चौकी जर्बुटा वडा न १३ | १ |
| ९ | | स्वास्थ्य चौकी गगरि वडा न १३ | १ |
| १० | | आधारभुत स्वास्थ्य केन्द्र वडा न ८ | १ |
| ११ | | आधारभुत स्वास्थ्य केन्द्र वडा न ३ | १ |
| १२ | | आधारभुत स्वास्थ्य केन्द्र वडा न ४ | १ |
| १३ | | आधारभुत स्वास्थ्य केन्द्र वडा न ५ | १ |
| १४ | | आधारभुत स्वास्थ्य केन्द्र वडा न १० | १ |
| १५ | | आधारभुत स्वास्थ्य केन्द्र वडा न ११ | १ |
| १६ | | ९ न वडा कार्यालय | १ |
| १७ | | ७ न वडा कार्यालय | १ |
| १८ | | १६ न वडा कार्यालय | १ |
| १९ | सेक्युरिटि गार्ड | वि न पा को कार्यालय | ८ |
| थप गर्नुपर्ने सेवाहरु | | | |
| २० | कार्यालय सहयोगी | प्रमुख प्रशासकीय अधिकृतको आवाश हेर्ने गरि | १ |
| २१ | कार्यालय सहयोगी | गढि स्वास्थ्य केन्द्र १४ न वडा | १ |

**जम्मा संख्या**

| सेवाका प्रकार | संख्या |
|---|---|
| कम्प्युटर सहायक | २ |
| कार्यालय सहयोगी | १७ |
| सेक्युरिटि गार्ड | ८ |
| वन हेरालु | १ |
| **जम्मा** | **२८ जना** |

Scanned with CamScanner

**निर्णय न ७.** राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण विभागको च न १७९६ मिति २०७७।११।२८ पत्रानुसार व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन नेपाल सरकार र विश्व बैंक बिच भएको सम्झौता बमोजिम सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजनाको म्याद वि स २०८० असार सम्म थप हुने साथै सेवा इकाईमा कार्यरत कर्मचारीहरुको एक चौमासिक वाफतको बजेट साझेदारी गर्ने विषय यस अघिको मिति २०७७।१२।२९ गतेको बैठकमा छलफल भई यस नगरपालिकामा रहेको सेवा इकाईमा कार्यरत २ जना एम आई एस अपरेटर र १ जना फिल्ड सहायकको तलब मध्ये एक चौमासिक वाफत हुन आउने बजेट साझेदारी गर्न नसकिने हुँदा निजहरुलाई तीन चौमासिककै तलब भत्ता विभागबाट नै उपलब्ध हुने गरी कार्यक्रम संचालन गर्न विभागलाई अनुरोध गर्ने निर्णय भएकोमा यस विषयमा आजकै पुन छलफल गरियो। यस सम्बन्धमा एक वर्षको लागि निजहरुको एक चौमासिक वाफत हुन आउने बजेट यस नगरपालिकाले साझेदारी गर्न निर्णय गरियो।

**निर्णय न ८.** यस नगरपालिकाको नवौं नगरसभा मिति २०७८।०३।१० गते दिउँसो १ बजे देहायका एजेण्डाहरु माथी छलफल गर्ने गरी नगरपालिका सभा हलमा बस्ने निर्णय गरियो।

देहाय

१ वीरेन्द्रनगर नगरपालिकाको आर्थिक विधेयक २०७८

२ वीरेन्द्रनगर नगरपालिकाको विनियोजन विधेयक २०७८

३ आर्थिक वर्ष २०७८।७९ को बजेट नीति तथा कार्यक्रम प्रस्तुत

४ वीरेन्द्रनगर नगरपालिकाको स्थानिय सेवा ऐन २०७७ को प्रथम संशोधन तथा कर्मचारी सम्बद्ध विषयहरु

५ न्यायिक समितिको प्रतिवेदन प्रस्तुती

६ लेखा समितिको प्रतिवेदन प्रस्तुती

७ सार्वजनिक महत्वका विविध विषयहरु

**निर्णय न ९.** नारायण नगरपालिका दैलेखमा पदाधिकार रहेका सव ईन्जिनियर राजन तिवारीको तलबी प्रतिवेदन पास नभएको कारण तलब भत्ता भुक्तानी गर्न समस्या जनाई आर्थिक प्रशासन शाखाबाट पेश भएको टिप्पणी माथि आजको बैठकमा छलफल गरियो। यस सम्बन्धमा चालू आर्थिक वर्षको आषाढ मसान्त सम्म साविक बमोजिम तलब भत्ता भुक्तानी गरी कामकाजमा लगाउने र २०७८ श्रावण पश्चात निजको समायोजन सरुवा नभएमा साविकको निकायमा काज फिर्ता पठाउने निर्णय गरियो।

**निर्णय न १०.** आगामी बैठक मिति २०७८।०३।०२ गते दिउँसो २ बजे बस्ने।

Scanned with CamScanner